# टुँडाल उपन्यासको शैलीवैज्ञानिक अध्ययन

शोध
द.नं. ११७

शोधार्थी

सुनिता भट्टराई

क्याम्पस क्रमाङ्क ४१(२०७१/०७२)

त्रि.वि. दर्ता क्रमाङ्क९-२-७३७-८०-२०१०

दोस्रो वर्षको परीक्षाक्रमाङ्क रवर्ष- २१८००३३(०७२)

नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत शोधपत्र

| शोधपत्र पेस गरेको मिति | त्रिभुवन विश्वविद्यालय | भाइभा भएको मिति |
|---|---|---|
| वि.सं . २०७४।११।३० | शिक्षाशास्त्र सङ्काय | वि.सं. २०७५ ।०१। ०४ |
| इ.सं .१४ मार्च २०१८ | नेपाली शिक्षा विभाग | इ. सं. १७ अप्रिल २०१८ |
| | जनता बहुमुखी क्याम्पस | |
| | इटहरी, सुनसरी | |

२०७४/सन् २०१८

## प्रतिबद्धतापत्र

म शोधार्थी **सुनिता भट्टराईले** के प्रतिबद्धता व्यक्त गर्दछु भने प्रस्तुत टुँडाल उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षक शोधपत्र मेरो मौलिक अनुसन्धान हो । शोधपत्रको कुनै अंशसमेत मैले कहीँ कतैबाट हुबहु नक्कल गरेकी छैन । आवश्यकताअनुसार सन्दर्भ र स्रोत खुलाई पूर्वकार्यको प्रयोग भने गरिएको छ । यदि कहीँ कतैबाट हुबहु नक्कल गरेको प्रमाणित भए त्यसबाट आउने सबैखाले परिणामहरूको सामना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । यस सम्बन्धमा पछि कहीँ कतै र कुनै किसिमको उजुरबाजुर गर्ने छैन ।

मितिः

वि.सं . २०७४ । ११ । ३०

इ.सं . १४ मार्च २०१८

शोधार्थी

.................................

सुनिता भट्टराई

क्रमाङ्क :२१८००३३ (२०७१/७२)

जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
स्थापित २०४५
(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय

०२५- ५८१३००
५८००६४

प.स.
च.न

मितिः २०७४/११ /३०

शोधनिर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षकी छात्रा सुनिता भट्टराईले नेपाशि ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **टुँडाल उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्र सम्बन्धित तहका निमित्त उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

...............................

शोधनिर्देशक
मदनराज बराल
(उपप्राध्यापक)
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
नेपाली शिक्षा विभाग

# कृतज्ञताज्ञापन

साहित्यकार कृष्ण धराबासीको टुँडाल उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गतको नेपाशि ५९८ पाठ्यांशको आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो । यस शोधपत्रमा टुँडाल उपन्यासको परिचयसहित विकल्पन र चयन तथा अग्रभूमिनिर्माण जस्ता शैलीविज्ञानका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु श्री मदनराज बराल (विभागीय प्रमुख) ज्यूको निर्देशनमा तयार पारेकी हुँ । आफ्नो अत्यन्त व्यस्तता भएर पनि समय निकालेर आवश्यक सल्लाह र सुझाव दिई प्रस्तुत शोधपत्रलाई मूर्त रूपमा तयार गर्न सहयोग गर्नुहुने उहाँप्रति म सदा कृतज्ञ रहेकी छु । त्यसै गरी विषयगत ज्ञान दिई सहयोग गर्नुहुने आदरणीय गुरु प्रा. डा. टङ्कप्रसाद न्यौपानेज्यूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

यसका साथै शोधपत्र तयार गर्न शीर्षक चयनदेखि लिएर अन्य कार्यमा सहयोग पुऱ्याउनुहुने आदरणीय गुरुहरू उपप्राध्यापकहरु नवीनकुमार शर्मा र श्री तीर्थराज भट्टराईज्यूहरूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी यस क्याम्पसका क्याम्पस प्रमुख, क्याम्पस प्रशासन र सम्बन्धित शीर्षकमा अध्ययन अनुसन्धान गर्न स्वीकृति प्रदान गर्नुहुने शोधप्रस्ताव मूल्याङ्कन समितिप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यस्तै शिक्षाशास्त्र सङ्कायतर्फका सहायक क्याम्पस प्रमुख श्रीटोलानाथ काफ्लेज्यूप्रति उतिकै अनुगृहीत छु ।

यस सन्दर्भमा मलाई यस अवस्थासम्म संरक्षकत्व प्रदान गर्नुहुने मेरा आदरणीय पिता लीलाप्रसाद भट्टराई र ममतामयी माता मुनादेवी पोखेल भट्टराईप्रति नमन गर्दछु । यसै गरी शोधपत्र तयार पार्न सहयोग गर्नुहुने दिदीहरु तारा भट्टराई र सुशीला भट्टराई तथा प्यारा भाइहरु उज्ज्वल सुबेदी र मिकेश सुबेदीलाई धन्यवाद नदिई रहन सक्दिन । प्रस्तुत शोधपत्र तयार पार्दा विभिन्न क्षेत्रबाट अमूल्य सहयोग गर्नुहुने सहपाठी साथीहरू बाबुराम कार्की र  सपना भट्टराईलाई पनि धन्यवाद ज्ञापन गर्न चाहन्छु । म एक शिक्षिका पनि भएकीले शिक्षण कार्यमा उतिकै व्यस्त हुनु स्वाभाविकै हो । यस अवस्थामा मलाई शोध गर्न उत्प्रेरणासमेत दिंदै विदाको अवसर

मिलाइदिनुहुने भगवती आधारभूत विद्यालय, धरानका प्रधानाध्यापक गुणनिधि तिम्सिनाज्यूप्रति आभारी छु ।

अन्त्यमा समयमा नै टाइप गरी सहयोग गर्नुहुने भाइ गणेश दाहाललाई धन्यवाद दिँदै आवश्यक मूल्याङ्कनका लागि यो शोधपत्र विभाग समक्ष पेस गर्दछु ।

..........................

शोधार्थी

सुनिता भट्टराई

# शोधसार

**शोधशीर्षकः टुँडाल उपन्यासको शैलीवैज्ञानिक अध्ययन**

पहिला अध्यायमा टुँडाल उपन्यासको औपन्यासिक संगठन तथा तत्त्व, चयन, विचलन र समानान्तरताको प्रयोग कसरी भएको छ भन्ने कुरालाई मूल समस्या मानिएको छ ।

यसै पहिला अध्यायमा समस्याको समाधान गर्नुलाई उद्देश्य बनाइएको छ । यसअनुसार यस शोधपत्रमा टुँडाल उपन्यासका कथानक र यसको विकासक्रम तथा शैलीवैज्ञानिक आधारमा चरित्रको वर्गीकरण र विश्लेषण गर्नु, उपन्यासमा प्रयुक्त शब्दहरुको स्रोत, व्युत्पत्ति र शब्दवर्गको स्थिति पत्ता लगाउनु एवम् टुँडाल उपन्यासको शैलीवैज्ञानिक विश्लेषण गर्नु भन्ने उद्देश्यहरू राखिएका छन् ।

प्रस्तुत शोधपत्रमा सामग्रीको सङ्कलनको प्रमुख आधार प्राथमिक स्रोत टुँडाल उपन्यासलाई मानिएको छ । सिद्धान्त निर्माण तथा सामग्रीको वर्णन र विश्लेषणका लागि द्वितीयक स्रोतअन्तर्गत पुस्तकालयीय विधिको प्रयोग गरी सैद्धान्तिक आधारको निर्माण गरिएको छ । । शोधपत्रमा प्रयुक्त तथ्य र तथ्याङ्कलाई व्याख्या र विश्लेषणात्मक विधिद्वारा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यलाई पाँच अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा शोधको परिचयअन्तर्गत पृष्ठभूमि, समस्याकथन, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको उद्देश्य, अध्ययनको सीमाङ्कन र पारिभाषिक शब्दहरू समावेश गरिएका छन् । यसै अध्यायमा शैलीविज्ञानका सैद्धान्तिक पृष्ठभूमिको पनि चर्चा गरिएको छ । अध्याय दुईमा पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचनाअन्तर्गत प्रतिनिधिमूलक र सान्दर्भिक देखिएका पूर्वकार्यहरु, पूर्वकार्यको उपयोगिता/कार्यान्वयन र सैद्धान्तिक धारणात्मक संरचना समावेश गरिएको छ । अध्याय तीनमा अध्ययनको प्रक्रिया/विधिअन्तर्गत अध्ययनको संरचना, जनसङ्ख्या र नमुना, नमुना छनोट प्रक्रिया, तथ्याङ्क संकलनका साधनहरू, तथ्याङ्क सङ्कलनका प्रक्रिया र तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया समावेश गरिएका छन् । अध्याय चारमा नतिजा र परिणामअन्तर्गत टुँडाल उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । यस क्रममा कथानक तथा

चरित्रको विश्लेषण गर्दै विकल्पन र चयनअन्तर्गत स्रोत, बनोट र कार्यका आधारमा विश्लेषणसहित अग्रभूमिनिर्माणअन्तर्गत विचलन र समानान्तरताका आधारमा टुँडाल उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । पाँचौँ अर्थात् अन्तिम अध्यायमा निष्कर्ष, सुझाव, भावी अनुसन्धानका लागि सम्भावित शीर्षक आदिको उल्लेख गरिएको छ ।

निष्कर्षमा यस शोधमा टुँडाल उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा सैद्धान्तिक आधारहरुको चर्चासहित विशेषतः कथानक, चरित्र, चयन, विचलन र समानान्तरताको विश्लेषण गरिएको छ । यस शोधपत्रले टुँडाल र अन्य उपन्यासको शैलीवैज्ञानिकआधारमा शोधकार्य गर्न चाहने भावी शोधकर्तालाई दिशानिर्देश गर्ने अपेक्षा गरिएको छ । यसरी यस शोत्रलाई पूर्णता दिइएको छ ।

# विषयसूची


| विषय | पृष्ठ |
|---|---|
| **अध्याय–एक : परिचय** | **१-५** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याकथन | ४ |
| १.३ अध्ययनको औचित्य र महत्त्व | ४ |
| १.४ शोधको उद्देश्य | ५ |
| १.५ अध्ययनको परिसीमा | ५ |
| **अध्याय - २: पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना** | **६-२२** |
| २.१ पूर्वकार्यको समीक्षा | ६ |
| २.२ पूर्वकार्यको उपयोगिता र कार्यान्वयन | ८ |
| २.३ सैद्धान्तिक संरचना | ८ |
| २.३.१ औपन्यासिक तत्त्व | ८ |
| २.३.२.१ कथानक | ९ |
| २.३.२.२ पात्रविधान | १० |
| २.३.२.३ परिवेश | १२ |
| २.३.२.४ दृष्टिबिन्दु | १३ |
| २.३.२.५ भाषाशैली | १३ |
| २.३.२.६ उद्देश्य | १४ |
| २.३.३ कृतिविश्लेषणको शैलीवैज्ञानिक आधार | १४ |
| २.३.३.१ साहित्यिक संरचना | १५ |
| २.३.३.२ भाषिक संरचना | १६ |
| २.३.३.३ शैली | १७ |
| **अध्याय - तीनः अध्ययनको प्रक्रिया र विधि** | **२३-२४** |
| ३.१ अध्ययनको संरचना | २३ |
| ३.२ जनसङ्ख्या र नमुना | २३ |
| ३.३ तथ्याङ्क सङ्कलनका साधन | २३ |

३.३.१ प्राथमिक स्रोत २३
३.३.२ द्वितीयक स्रोत २४
३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया २४
३.५ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया २४
**अध्याय - चार : नतिजा र परिणाम २५-७२**
४.१ विषय प्रवेश २५
४.१ बनोट २५
४.२ बुनोट २७
४.२.१ कथानक २७
४.२.१.१ कथासार २७
४.२.१.२ कथानक र त्यसको विश्लेषण ३७
४.२.१.३ कथानकको विकास ३९
४.२.२ पात्रविधान ४१
४.२.२.१ पात्रहरुको सङ्ख्यात्मक उपस्थिति ४१
४.२.२.२ समग्रतामा परिचय ५३
४.२.३ चयनका आधारमा विश्लेषण ५५
४.२.३.१ शब्दचयन ५५
४.२.३.१.१ स्रोतगत शब्दचयन ५६
४.२.३.१.२ बनोटगत शब्दचयन ५९
४.२.३.१.३ कार्यगत शब्दचयन ६१
४.२.४ अग्रभूमिनिर्माण ६४
४.२.४.१ विचलन ६५
४.२.४.१.१ ध्वनि वा वर्णगत विचलन ६५
४.२.४.१.२ कोशीय विचलन ६६
४.२.४.१.३ व्याकरणिक विचलन ६६
४.२.४.१.४ अर्थतात्त्विक विचलन ६८
४.२.४.२ समानान्तरता ६९

४.२.४.२.१ बाह्य समानान्तरता ७०

४.२.४.२.२ आन्तरिक समानान्तरता ७१

४.३ छलफल / व्याख्या ७२

**अध्याय - पाच : मूल्याङ्कन र निष्कर्ष** **७३-७९**

५.१ सारांश ७३

५.२ निष्कर्ष ७६

५.३ सुझाव ७८

५.४ उपयोगिता ७८

५.४.१ नीतिगत उपयोगिता ७८

५.४.२ कार्यान्वयन तह ७९

५.४.३ सम्भावित शोधशीर्षक ७९

**सन्दर्भग्रन्थ सूची** **८०**

## तालिका तथा आरेख सूची


| विषय | पृष्ठ |
|---|---|
| **अध्याय–एक : परिचय** | **१-६** |
| तालिका - : १ पात्रहरुको सङ्ख्यात्मक उपस्थिति | ४१ |
| तालिका नं. २: टुडाल उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक तालिका | ५३ |
| आरेख नं. १: कथानकका अंग | ९ |
| आरेख नं. २: कृतिविश्लेषणको शैलीवैज्ञानिक आधार | १४ |